# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग अन्तर्राष्ट्रिय मुद्रा कोषका पदाधिकारीको एक समूहले भेट गरी वित्तीय जानकारी एकाइलाई थप सक्षम बनाउन अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको सहयोगका बारेमा जानकारी गरायो । त्यस सन्दर्भमा वित्तीय जानकारी एकाइको आन्तरिक सङ्गठन एवम् कार्यपद्धतिको निर्देशिका निर्माणमा दुवै पक्षको संलग्नतामा तयार भइरहेको बेहोरा जानकारी गराइयो ।



भेटका अवसरमा गभर्नर खतिवडाले वित्तीय जानकारी एकाइलाई थप सक्षम र प्रभावकारी बनाउन बैंकले यथासम्भव प्रयत्न गरिरहेको जानकारी दिनुभयो । उहाँले यस कार्यका लागि राज्यका अन्य निकायसमेतको थप प्रयासको आवश्यकता रहेको स्पष्ट पार्नुभयो ।

२०६९ असार १५ गते शुक्रबार

गभर्नरको कार्यालय